# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २७. अकं १, बैशाख/जेष्ठ २०७८ May/Jun 2021


## व्यवसाय सञ्चालनको लागि उद्योग वाणिज्य संघ-चितवनको माग



उद्योग वाणिज्य संघ-चितवनले व्यवसाय सञ्चालनका लागि माग गरेको छ । उद्योग वाणिज्य संघ-चितवनले असार ७ गतेका दिन चितवनका प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेलाई ज्ञापन पत्र बुझाउँदै उक्त माग गरेको हो । ज्ञापन पत्र हस्तान्तरण गर्दै संघका अध्यक्ष राजु श्रेष्ठले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को दोस्रो लहरको रोकथाम तथा नियन्त्रणका लागि लागु गरिएको निषेधाज्ञा उद्यमी व्यवसायीले पालना गरेको बताउँदै हाल कोरोना संक्रमण दर घट्दो क्रममा रहेको कारण समय तालिका तय गरि आलोपालो उद्यम,व्यवसाय सञ्चालन हुने व्यवस्थाका लागि अनुरोध गर्नु भयो । उहाँले कोरोना संक्रमणको अवस्था लगायत अन्य विपद्को समयमा निजी क्षेत्रको तर्फबाट संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत रहि सरकारलाई सहयोग गर्दै आएको र आवश्यक परेको खण्डमा आगामी दिनमा पनि सहयोग गर्न उद्योग वाणिज्य संघ-चितवन सदैव तत्पर रहेको बताउनु भयो। अध्यक्ष श्रेष्ठले उद्यम व्यवसाय ठप्प हुंदा व्यवसायीलाई मार पर्नुका साथै दिर्घकालमा राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक असर पर्ने बताउनु भयो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठबाट ज्ञापन पत्र ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले संघले तयार गरेको विषयगत तालिकालाई अध्ययन गरि जानकारी दिने बताउनु भयो । कार्यक्रममा उहाँले आगामी दिनमा हुने निर्णय परिस्थितिको अध्ययन गरि उद्यमी व्यवसायीको समन्वयमा हुने बताउनु भयो । कोरोनाको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको रोकथाम तथा नियन्त्रणका लागि प्रशासनद्धारा लागु गरिएको पछिल्लो निषेधाज्ञा असार १० गते सम्म रहेको कारण असार ११ गते देखि स्वास्थ्य मापदण्ड

*...बाँकी ५ नं. पेजमा*

## कोरोना भ्याक्सिनको लागि संघको पहल

उद्योग वाणिज्य संघ-चितवनले व्यवसायीहरुका लागि कोरोना भ्याक्सिन उपलब्ध गराउन नेपाल सरकार समक्ष माग गरेको छ । नयाँ भेरियन्ट सहितको दोश्रो लहरको कोरोना संक्रमणका कारण व्यवसायीक वातावरण अस्तव्यस्त हुनुका साथै अग्रभागमा रहेर सेवा प्रवाह गर्ने व्यवसायीलाई कोरोना संक्रमणको जोखीम बढ्ने कारण संघले भ्याक्सिनको माग गरेको हो । देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा मानिने उद्यमी व्यवसायीलाई कोरोना भ्याक्सीन उपलब्ध नगराउनु दुःखद भएको भन्दै यथाशक्य भ्याक्सिन उपलब्ध गराउन संघले माग गरेको हो। २०७८ जेष्ठ २६ गते संघले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जिल्ला जनस्वास्थ्य कार्यालय र जिल्ला प्रशासन कार्यालय चितवनलाई पत्राचार गर्दै उक्त अनुरोध गरेको हो। संघका अध्यक्ष राजु श्रेष्ठले भ्याक्सिनका लागि आफु निरन्तर पहल गरिरहेको बताउनु भएको छ।


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रूपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**

राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरू**

अशोक अधिकारी, अरूण कुमार खनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्धार्थलाल चुके(सल्लाहकार), रामशरण सिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)
कार्यकारी निर्देशक

**ले-आउट / डिजाइन**

सन्देश पौडेल
सूचना प्रविधि अधिकृत

# मुग्लिङ हाईवे हस्पिटललाई

## आइसोलेसन सेन्टर सञ्चालनका लागि स्वास्थ्य सामाग्री हस्तान्तरण

जिल्ला स्थित उद्योगी व्यवसायीहरुको साझा सस्था उद्योग वाणिज्य संघ चितवले मुलुकमा फैलिएको दोस्रो चरणको कोरोना संक्रमण नियन्त्रणमा सहयोग पुऱ्याउने उदेश्यले स्वास्थ्य समाग्री हस्तान्तरण गरेको छ । संघले जेष्ठ २२ गतेका दिन एक औपचारिक कार्यक्रमको आयोजना गरि इच्छाकामना स्थित मुग्लिन हाइवे अस्पताललाई करिव एक लाख रुपैयाा वरावरको स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको हो । संघका अध्यक्ष राजु श्रेष्ठले अस्पतालका अध्यक्ष राम बहादुर लामालाई स्वास्थ्य सामाग्री हस्तान्तरण गर्नु भएको हो । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजु श्रेष्ठले व्यवसाय भन्दा स्वास्थ्य ठुलो कुरा भएको वताउदै संघको सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य सामाग्री हस्तान्तरण गरिएको जानकारी दिनुभयो । गैहनाफामुलक सस्थाको रुपमा मुग्लिङ वजार क्षेत्रमा स्थापना भएर पनि चितवनका ग्रमिण क्षेत्रका मानिसहरुलाई स्वास्थ्य सेवा दिदै आएको उक्त अस्पतालले राज्यवाट खासै सहयोग नपाएको हुँदा सो अस्पताललाई स्वास्थ्य सामाग्री सहयोग गरिएको अध्यक्ष श्रेष्ठले वताउनु भयो । उक्त अस्पतालले ४० सैयाको आईसोलेसन सेन्टर संचालन गर्ने तयारी गरेको हुँदा उक्त स्वास्थ्य समाग्री कोरोना संक्रमण नियन्त्रणमा सहयोगी वन्ने अपेक्षा व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले आगामी दिनमा पनि सहयोग गर्न तयार रहेको वताउनु भयो।

*...बाँकी ४ नं पेजमा*

## उद्योग वाणिज्य संघ-चितवनको

**सदस्यता नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

**उद्योग बाणिज्य संघ-चितबनको** बिधान बमोजीम संघको आर्थिक बर्ष २०७८/२०७९ को सदस्यता नबीकरण यही असार मसान्त सम्म गर्नुपर्ने प्राबधान रहेकोल सदस्यता नबीकरण गर्नुहुन सूचित गरिन्छ । साथै आ.ब.०७७/०७८ को सदस्यता नबीकरण गर्न बाँकी सदस्यलाई समेत नबीकरण गर्न अनुरोध गरिन्छ ।

*पुनश्च: आ.ब. ०७७/०७८ को सदस्यता नबीकरण गर्दा बिलम्ब शुल्क नलाग्ने जानकारी गराइन्छ ।*

**बिस्तृत जानकारीको लागि:**

उद्योग बाणिज्य संघ-चितबन
नारायणी मार्ग, नारायणगढ
फोन : ०५६ ५९६१०८, ५९६२०८, ५९६३०८
Notice Board No. 1618056525512



ccichitwan.org.np
info@ccichitwan.org.np

# रामजानकी आश्रमलाइ राहत वितरण

उद्योग वाणिज्य संघ चितवनले उद्योगी व्यवसायीको हकहित र व्यवसायिक विकासको अलावा सामाजिक काममा तीव्रता दिएको छ। संघले कोरोना संक्रमण र लकडाउनको कारण समस्यामा परेका विभिन्न क्षेत्रका मानिहरुलाई आवश्यकता अनुसारको राहत सामाग्री हस्तान्तरण कार्यक्रमलाई अभियानकै रुपमा अगाडी वढाएको छ । राहत सामाग्री वितरण अभियान अन्तरगत चितवनका उद्योगी व्यवसायीको छाता सस्था उद्योग वाणिज्य संघ चितवनले मिति २०७८ जेष्ठ २५ गते देवघाट स्थित रामजानकी वालिका आश्रममा खाद्यान्नलगायत मसलन्द सामाग्री हस्तान्तराण् गरेको हो । कार्यक्रममा वोल्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष राजु श्रेष्ठले सेवा नै धर्म हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै संघले आश्रमलाई सहयोग सामाग्री उपलब्ध गराएको वताउनु भयो । कोरोना संक्रमणको दोस्रो लहरले सवै क्षेत्र प्रभावित भएको वताउदै अध्यक्ष श्रेष्ठले वर्तमान विसम् परिस्थितीमा मानिसका आधारभूत आवश्यकता पुरा गर्न' पहिलो प्राथमिकता रहेको वताउनु भयो । उहाले आगामी दिनमा पनि यस किसिमको सहयोग निरन्तर रहने जानकारी दिनुभयो । सहयोग ग्रहण गर्दै आश्रमका वालिकाहरुले उद्योग वाणिज्य संघ चितवनलाई आभार सहित धन्यवाद व्यक्त गरेका थिए । आश्रममा ३३ जना वालिकाहरु रहेका छन् । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम

...बाँकी ६ नं पेजमा



# मानवीय सेवा गर्न भुगोलले छेक्दैन: अध्यक्ष श्रेष्ठ



उद्योग वाणिज्य संघका अध्यक्ष राजु श्रेष्ठले मानवीय सेवाका लागि कुनै भौगोलिक सिमाले नछेक्ने बताउनु भयो । २०७७ जेष्ठ २० गते तनहूँको विकटमानिने देवघाट गाउंपालिका १ बसेनीटारमा एक कार्यक्रमका वीच श्रेष्ठले उक्त कुरा बताउनु भएको हो । कार्यक्रममा राहत वितरण गर्दै संघकाअध्यक्ष राजु श्रेष्ठले कोभिड १९ को नयाँ भेरियन्ट सहितको दोस्रो लहरको रोकथाम तथा नियन्त्रणाका लागि नेपाल सरकारबाट लागु गरि एको निषेधाज्ञाको कारण दैनिक ज्याला मजदुरी गरि जिविको पार्जन गर्ने सर्वसाधारणलाई हातमुख जोड्न समस्या परेकोले राहतवितरण गरिएको बताउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संघले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत राहत वितरण गरिएको बताउनु भयो । उहांले मानवीय समस्या र सेवामा कुनै भौतिक एवम् भौगोलिक सिमा नहुने बताउंदै

...बाँकी ८ नं पेजमा

तनहूंको देवघाट गाउंपालिका १ को विकटमा रहेको वसेनीटारमा राहतवितरण गरिएको बताउनु भयो। कार्यक्रममा अध्यक्ष श्रेष्ठले कोरोनाको जोखिम अझ पनि उच्च रहेकोले सबैलाई सुरक्षित रहन अपिल गर्दै आगामी दिनहरुमा पनि यस किसिमको सहयो गलाई निरन्तरता दिने बताउनु भयो। राजमार्ग देखीकरिब १२ किलोमिटरको उचाईमा रहेको उक्त विकट वस्तिका ५५ विपन्न परिवारलाई चामल,दाल, तेल, चिउरा, आलु, नुनलगायतका दैनिक अत्यावस्यकिय उपभोग्य वस्तु वितरण गरेको संघका प्रथम उपाध्यक्ष सुमनकुमार श्रेष्ठले जानकारी दिनुभयो। संघले गतबर्ष देखीनै कोरोना राहतकोषको स्थापना गरि चितवन र आसपासमा रहेका वस्तीमा राहतवितरण लगायत अन्य सहयोगका कार्यक्रमहरु संचालनगर्दै आइरहेको संघका कार्यकारी निर्देशक निलबहादुर के. सी. ले जानकारी दिनु भयो। तनहूँका समासद् माननीय कृष्णकुमार श्रेष्ठको समन्वयमा गरिएको राहत वितरण कार्यक्रममा संघका प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठ, दित्तिय उपाध्यक्ष चिरञ्जिवि सुवेदी, कार्यसमिति सदस्यद्धय राजेन्द्र ओली र लिलबहादुर क्षेत्री तथा देवघाट १ का जनप्रतिनिधिको सहभागिता रहेको थियो।

*...बाँकी*

कार्यक्रममा वोल्दै अस्पतालका अध्यक्ष राम बहादुर लामाले अस्पताललाई स्वास्थ्य समाग्री सहयोग गर्नु भएकोमा उवासंघ चितवन र आवश्यक समन्वय गरेकोमा उवासंघ इच्छाकामनालाई धन्यवाद सहित आभार प्रकट गर्नुभयो। प्राप्त स्वास्थ्य समाग्रीको अधिकतम सदुपयोग हुनेमा ढुक्क हुन आग्रह गर्दै उहाँले आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्नुभयो। कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठ, द्धितीय उपाध्यक्ष चिरन्जीवि सुवेदी,स्वास्थ समिति सम्योजक सिरिस पन्त, कार्यसमिति सदस्य विकास थापा, मुक्ति कुमार श्रेष्ठ, लिल बहादुर क्षेत्री, संघको क्षेत्रीय संघ उवासंघ इच्छाकामनाका अध्यक्ष कल्याण गुभाजुलगायतको सहभागिता रहेको थियो। उद्योग वाणिज्य संघ चितवनले कोरोना राहत कोष स्थापना गरेर ज्याला मजदुरी गरि दैनिक गुजारा चलाउदै आएका मानिसहरु, बिपन्न परिवार लगायतलाई खाद्यान्न लगयताका सामाग्री वितरण गर्दै आएको संघका कार्यकारी निर्देशक निल बहादुर केसीले जानकारी दिनुभयो। लकडाउनले रोजगारी गमाएका मासिहरुको खाद्यान्न अभावको अवस्थालाई ध्यानमा राखेर कोरोना राहतकोष स्थापना गरिएको वताउदै उहाले उक्त कोष निम्न वर्गिय मानिसहरुलाई वरदान सावित हुन पुगेको वताउनु भयो। गतवर्ष आफ्ना सदस्यहरुलाई कोरोना वीमाको व्यवस्था गरेको संघले यसवर्ष विभिन्न क्षेत्रका मानिस एवं संघसस्थाहरुलाई खाद्यान्न तथा स्वास्थ्य सामाग्री वितरण गरेको हो। यसै गरि वैशाख २९ गतेका दिन ईच्छाकामना गाउपालिकालाई अक्सिजन सहितको ५ थान सिलिण्डर समेत हस्तान्तरण गरेको छ। साथै वैशाख २६ गतेका दिन संघले पत्रकार महासंघ चितवन शाखालाई स्वास्थ्य सामाग्र हस्तान्तरण गरेको थियो।



...बाँकी

पालना गर्ने गरि व्यवसाय सञ्चालन तालिका सहित माग गरि एको अध्यक्ष श्रेष्ठले बताउनु भयो । व्यवसाय सञ्चालनका लागि गरिएको माग पत्र बमोजिम अत्यावस्यक वस्तु तथा सेवा बाहेक संघमा आवद्ध भएका ३६ वटा वस्तुगत संघ माताहतका व्यवसायहरु, उद्योग कलकारखानालाई दैनिक ६ घण्टाका दरले हप्ताको ५ दिन आलोपालो पद्धती बमोजिम सञ्चालन गर्नका लागि अनुरोध गरिएको संघका कार्यकारी निर्देशक निलबहादुर केसीले जानकारी दिनुभयो । यसै गरि यातायातका सन्दर्भमा जोर विजोर प्रणाली बमोजिम तथा होटल तथा लजका सम्बन्धमा भौतिक दुरी कायम गर्ने गरि सञ्चालनका लागि माग गरि एको संघको सचिवालयले जानकारी दिएको छ । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, चिरञ्जिवि सुवेदी भोजराज कौडाल र संघका कार्यकारी निर्देशक निलबहादुर केसीको उपस्थिति रहेको थियो ।

## विद्युत व्यवसायीको ज्ञापन- पत्र





उद्योग वाणिज्य संघ चितवनमा आवद्ध वस्तुगत संघ विद्युत व्यवसायी संघ चितवनले संघ-लाई ज्ञापन पत्र बुझाएको छ । विद्युत व्यवसायीसंघ चितवका अध्यक्ष डोलराम न्यौपानेको नेतृत्वमा आएको पदाधिकारी एवम् कार्यसमितिको टोलीले संघको सचिवालयमा उपस्थित भई उवासंघ-चितवनका अध्यक्ष श्री राजु श्रेष्ठलाई ज्ञापन पत्र बुझाएको हो। ज्ञापन पत्रमा विद्युतिय सामाग्री एवम् उपकरणहरु दैनिक रुपमा प्रयोग हुने, निर्माण कार्यका लागि पनि अत्यावश्यक रहेकोले यो व्यवसायलाई आवश्यक समय व्यवस्थापन गरि सञ्चालन गर्ने वातावरण सिर्जना गर्नका लागि संघलाई अनुरोध गरिएको छ। उक्त कार्यक्रममा ज्ञापन पत्र ग्रहण गर्दै संघका अध्यक्ष श्री राजु श्रेष्ठले कोरोना संक्रमण घट्ने क्रम रहेको तर व्यवसायीक जटिलता भने थपिदै गैरहेकोले व्यवसाय सञ्चालनका लागि समय तालिका सहित लगत्तै जिल्ला प्रशासन कार्यालयलाई ज्ञापन पत्र बुझाउन लागिएको जानकारी दिनु भयो । उहाँले परिस्थिति थप जटिल नभएमा व्यवसाय निश्चित समयावधि सहित सञ्चालनमा आउने र यसका लागि पहल भैरहेको बताउनु भयो ।

...बाँकी

उपाध्यक्ष सुमन कुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष चिरन्जीवि सुवेदी, देवघाट प्रहरी चौकीका प्रमुख लगायतले सहभागिता रहेको थियो। उद्योग वाणिज्य संघ चितवनका कार्यकारी निर्देशक निल बहादुर के.सी. ले संघ उद्योगी व्यवसायीहरुको सस्था भए पनि साजिक काममा उत्तिकै जिम्मेवार रहेको वताउनु भयो । कोरोना र लकडाउनले समस्यामा परेका मानिसहरुलाई सामाजिक उत्तर




Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७८ असार १० गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ३१०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | २९०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | २४०० |
| ५. धान मोटो नया | प्रति क्वि | २५०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ५३०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ४८ |
| ९. मकै | प्रति क्वि. | २८ |
| १०. गहुँ | प्रति क्वि. | ३४ |
| ११. कोदो | प्रति क्वि. | ४५ |
| १२. फापर | प्रति क्वि. | ९० |
| १३. चना | प्रति के.जी. | १०० |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १०० |
| १६. रहर दाल | प्रति के.जी. | १६० |
| १७. मसुरी दाल | प्रति के.जी. | १३० |
| १८. मासको दाल | प्रति के.जी. | १४५ |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १२५ |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ६७ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ६६ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | |
| घ. क्याटल फिड | प्रति के.जी. | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ४० |
| २१. प्याज | प्रति के.जी. | ६० |
| २२. तोरीको तेल | प्रति १० ली. | २४०० |
| २३. भटमासको टेल | प्रति १० ली. | २४०० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २५०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४०० |
| २७. मरिच | प्रति के.जी. | ८०० |
| २८. धनियाँ | प्रति के.जी. | ३०० |
| २९. क. सुन | प्रति तोला | |
| ख. चाँदी | प्रति तोला | |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति बण्डल | १७६०० |
| ख. २६ गेज | प्रति बण्डल | १३७०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १०७ |
| ख. ८ मि.मि. | प्रति के.जी | १०२१५ |
| ख. १० मि.मि. | प्रति के.जी | ९९ |
| ग. १२ मि.मि. | प्रति के.जी | ९९ |
| ३२. सिमेन्ट | | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७५० |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६०० |
| ग. निर्माण सिमेन्ट | प्रति बोरा | ७३० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ३६० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २४० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६५० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४२० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | २८० |
| ञ. अण्डा | प्रति क्रेट | ३८० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ७५ |
| ख. दही | प्रति लि. | १०० |
| ग. पनिर | प्रति के.जी. | ७०० |
| घ. क्रिम | प्रति लि. | ४०० |
| ङ. बटर | प्रति के.जी. | ५०० |
| च. घ्यू | प्रति के.जी. | १००० |
| छ. खुवा | प्रति के.जी. | |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.......................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०